CHINTAN-DHARA: VOL-16, Feb 2022
ISSN: 2091-2714
TUTA, Campus Unit Committee
Dhankuta Multiple Campus, Dhankuta

# नेपाली बालउपन्यासमा प्रयुक्त सामाजिकीकरणका सन्दर्भ

राजेन्द्र खनाल[१]
*Email:sauravabhirk@gmail.com*

## लेखसार

*बालबालिकामा सामाजिक व्यवहार तथा सम्बन्धको विकास गर्ने हेतुले बालसाहित्यमा समावेश गरिएका सामाजिकीकरणका सन्दर्भको पहिचान एवम् विश्लेषण गर्नु समालोचनाको अपेक्षित क्षेत्र हो । नेपाली बालउपन्यासमा यस प्रकृतिको विश्लेषण भएको नपाएकाले तथ्यपरक विश्लेषणसहित यो लेख तयार पारिएको हो । नेपाली बालउपन्यासमा प्रयुक्त सामाजिकीकरणका सन्दर्भको विश्लेषण गर्नु यस लेखको मुख्य उद्देश्य हो । यस लेखमा पुस्तकालयीय अध्ययन कार्यबाट तथ्य सङ्कलन गरी नेपाली बालउपन्यासलाई प्राथमिक सामग्रीका रूपमा उपयोग गरिएको छ । सामाजिकीकरणसँग सम्बद्ध विविध सैद्धान्तिक पुस्तकहरूलाई द्वितीयक सामग्रीका रूपमा लिइएको यस लेखमा वर्णनात्मक विधिको उपयोग गरिएको छ । यस लेखमा नेपाली बालउपन्यासमा उपयोग गरिएका सामाजिकीकरकणका सन्दर्भलाई नेपाली समाजका सामाजिक मूल्य तथा व्यवहारका सापेक्षमा विश्लेषण गरिएको छ । सामाजिकीकरण भनेको कुनै पनि परिवार, साथीहरू, समाज तथा समुदायको सदस्यका रूपमा रही उक्त क्षेत्रमा भएगरेका कार्यकलापमा सहभागी हुनु हो । सामाजिकीकरणले सकारात्मक सामाजिक व्यवहारको निर्माणमा सहयोग पुऱ्याउँछ । बालबालिकाहरूलाई सामाजिकीकरणतर्फ अभिमुख तुल्याएका निकै कम मात्र नेपाली बालउपन्यास रहेको पाइएको  छ । उक्त उपन्यासमा परिवारका सदस्यसँगका व्यवहार, साथीहरूसँगका मैत्रीभाव, सहकार्य, सहयोग, मेलमेलाप आदि पक्षमा केन्द्रित गराई बालबालिकाहरूलाई सामाजिकीकरण गर्दै सामाजिक मूल्य एवम् मान्यतामा सहभागी बनाइएको देखिन्छ । बालबालिकाहरूलाई घरपरिवार, समाज, तथा विद्यालयीय परिवेशका गतिविधिमा भूमिका दिएर एवम् साथीसङ्गतिसँगको सहकार्य, मैत्रीभाव, खेलकुद आदिमा संलग्न तुल्याएका सन्दर्भ नेपाली बालउपन्यासमा अपेक्षाकृत रूपमा प्राप्त गर्न हुन सकेनन् । बालबालिकाहरूलाई सामाजिकीकरणका लागि अभिप्रेरित गर्ने उद्देश्य समावेश गरिएका प्रमुख नेपाली बालउपन्यास 'आधा देशका राजकुमार', 'धूर्त स्याल र घमन्डी बाघ', 'जालमाथि चाल' तथा 'हाम्रो स्कुल' रहेका छन् । आगतमा नेपाली बालउपन्यासका स्रष्टाबाट सामाजिकीकरणका सन्दर्भको प्रविष्टिमा आधिक्य रहने अपेक्षा भने गर्न सकिन्छ ।*

**मुख्य शब्दावली** : *बालउपन्यास, सामाजिकीकरण, सामाजिक मूल्य, आचरण, सहकार्य*

## विषय परिचय

कुनै पनि व्यक्ति परिवार, साथीहरू, समाज तथा समुदायको सदस्यका रूपमा रहनु नै सामाजिकीकरण हो । समाज वा समुदायका विभिन्न कार्यहरूमा सहभागी भई भूमिका निर्वाह गर्नुलाई सामाजिकीकरण भनिन्छ । सामाजिकीकरणका माध्यमबाट ज्ञान, सिप तथा सकारात्मक व्यवहारको विकास गर्न सकिन्छ । सामाजिक मूल्य एवम् मान्यतालाई स्वीकार गरी तदनुकूलका व्यवहारतर्फ उन्मुख हुनु नै सामाजिकीकरण प्रक्रिया हो ।  सामाजिकीकरणले प्रभाव बालबलिकाहरूको सिकाइमा अझ बढी प्रभाव पार्ने भएकाले पनि बालसाहित्यमा यसतर्फ विशेष ध्यान दिनु आवश्यक हुन्छ ।

---

१ *लेखक शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुरमा नेपाली शिक्षा विषयको उपप्राध्यापक हुनुहुन्छ ।*

बालबालिकामा सामाजिक व्यवहार तथा सम्बन्धको विकास गर्ने हेतुले बालसाहित्यमा समावेश गरिएका सामाजिकीकरणका सन्दर्भ खोज्ने र विश्लेषण गर्दै स्रष्टालाई त्यसतर्फ अभिप्रेरित गर्ने मात्र होइन तत्सम्बन्धी अध्ययनमा अग्रसर हुनु पनि आवश्यक हुन्छ। यसबाट सामाजिकीकरणका सवालको उद्घाटन हुने मात्र होइन अध्ययनको सान्दर्भिकता र महत्त्व पनि स्थापित हुन्छ। नेपाली बालउपन्यासमा आधारित रही सामाजिकीकरणको विश्लेषण भएका अध्ययन नपाएकाले पनि तथ्यपरक विश्लेषणसहित प्रस्तुत लेख तयार पारिएको हो।

नेपाली बालउपन्यासमा प्रयुक्त सामाजिकीकरणका सन्दर्भको विश्लेषण गर्नु यस लेखको मुख्य उद्देश्य हो। जुनसुकै बालसाहित्यका माध्यमबाट बालबालिकाहरूमा मित्रताको विकास गरी सँगै खेल्ने, सहकार्य गर्ने एवम् सहअस्तित्वसहित सम्मानपूर्ण व्यवहार गर्ने, सकारात्मक प्रेरणा सिर्जना गर्ने, मायालु व्यवहार प्रदर्शन गर्नेजस्ता व्यवहारतर्फ उन्मुख गराई बालबालिकाहरूमा सकारात्मक सामाजिक व्यवहारको विकास गराउँदै सामाजिकीकरणमा प्राधान्य दिन सकिन्छ। यस लेखमा नेपाली बालउपन्यासमा समाविष्ट सामाजिकीकरणका सन्दर्भहरूको तथ्यपरक विश्लेषण गरिएको छ। यहाँ नेपाली बालउपन्यासमा नेपाली समाजका मूल्य मान्यतालाई स्वीकार गरी तिनमा आधारित व्यवहारतर्फ उन्मुख गराइएका सकारात्मक सामाजिक व्यवहारको खोजी गरी विश्लेषण गरिएको छ। यस लेखमा बालबालिकाहरूका मित्रता, सहकार्य, सहअस्तित्व, स्वीकार, सम्मान, सहयोग, आदर आदि सन्दर्भ समावेश गरिएका नेपाली बालउपन्यासको गहन पठन गरी तिनको विश्लेषण गरिएको छ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेख गुणात्मक अनुसन्धानको ढाँचामा तयार पारिएको छ। यस लेखमा पुस्तकालयीय अध्ययन कार्यबाट तथ्य सङ्कलन गरिएको छ भने प्रस्तुतिमा वर्णनात्मक विधिको उपयोग भएको छ। नेपाली बालउपन्यासको समग्र सर्वेक्षण गरी सामाजिकीकरणका सन्दर्भ र विषयवस्तु समावेश गरिएका नेपाली बालउपन्यासलाई प्राथमिक स्रोतका रूपमा उपयोग गरिएको छ। त्यस्तै, सामाजिकीकरणसँग सम्बद्ध  सम्बन्धित सैद्धान्तिक ग्रन्थलाई द्वितीयक स्रोत सामग्रीका रूपमा लिई यो लेख तयार पारिएको छ। प्रस्तुत लेखमा नेपाली बालउपन्यासमा प्रयोग गरिएका सामाजिकीरकणका सन्दर्भ एवम् विषयवस्तु खोजी गरी तिनको तथ्यपरक विश्लेषण गरिएको छ।

## परिणाम र छलफल

### सामाजिकीकरणको सैद्धान्तिक प्रारूप

समाजको गतिशीलता, जीवनशैली, सामाजिक मान्यता, परम्परा र सांस्कृतिक विश्वासद्वारा स्थापित नैतिक सिद्धान्त एवम् सामाजिक मूल्यहरूका माध्यमबाट नै मानिसको प्रगति र विकास भएको हुन्छ। उक्त मान्यताका आधारमा नै सामाजिकीकरणका जीवनशैली स्थापना गरिएका हुन्छन्। सामाजिक मूल्यका माध्यमबाट समाजका सदस्य वा आम मानिसहरू एकापसमा पर्याप्त सहअस्तित्वको सुनिश्चितता गर्दै जीवनशैलीलाई निश्चित आकार दिन सक्षम बनेका हुन्छन्। यस्ता मूल्यसँग साहित्यको सोझो सम्बन्ध हुन्छ। सामाजिक जीवन तथा व्यवहार नै साहित्यमा उठान भएका हुन्छन्। समाजमा विद्यमान मानव जीवनचर्या, मानव समाजका परिस्थिति र पर्यावरणका बिम्बहरू समाजको अधिरचना बनेको साहित्यमा उपस्थित बनेका हुन्छन् (सुवेदी, २०७२, पृ. ४४५)। साहित्यले सामाजिक मान्यता तथा शैली कुनै न कुनै किसिमबाट उद्घाटन गरेको हुन्छ भने समाजका मूल्य एवम् शैलीको सञ्चरणमा पनि साहित्यको उच्च महत्ता रहन्छ।

सामाजिक मूल्य र मान्यताहरू सामाजिक सम्झौता तथा विश्वासहरू पनि हुन्। व्यक्तिका संज्ञानात्मक पक्षहरूलाई संश्लेषण गर्न सामाजिक मूल्यले आधार प्रदान गरेका हुन्छन्। त्यसैले व्यक्तिलाई सदाचारी, अनुशासित तथा

व्यावहारिक बनाउने मात्र होइन ज्ञानका क्षेत्रहरूको विकास गर्न, भावनात्मक सम्बन्ध निर्माण गर्न र सिपमुखी बनाउन पनि सामाजिक मूल्यहरूकै उच्च महत्ता रहन्छ । त्यसो त प्रकृतवादी तथा स्वच्छन्दतावादीहरूले सामाजिक मूल्यलाई प्राधान्य दिँदैनन् तथापि समाजबाट निरपेक्ष त कोही पनि रहन सक्दैन । बालबालिकाहरू समाजका सदस्य भएकाले तिनीहरूमा सामाजिक जीवन व्यवहार, शैली, संस्कार तथा मान्यताको प्रत्यक्ष प्रभाव परिरहेको हुन्छ । बाल्यावस्था जीवनको आधार चरण भएकाले पनि सामाजिक मूल्यसँग पूर्ण परिचित गराई तिनमा ज्ञान, भावना तथा सिपको विकास गराउनु अग्रजको दायित्व हो । यसका लागि बालसाहित्यको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । सामाजिक मूल्य भनेका सांस्कृति पक्षसँग पनि सम्बद्ध हुन्छन् । संस्कृतिले नै सामाजिक मूल्य स्थापना तथा निर्धारणमा अहम् भूमिका खेलेका हुन्छन् । संस्कृति र सामाजिक मूल्यका अन्तरसम्बन्धित पक्षलाई विभिन्न विद्वान्का सन्दर्भ दिँदै रेग्मी (२०६०) भन्छन् :

सामाजिक समूहको मूल्य, विश्वास, मानक, विचारधारा, प्रथा र प्राविधिक ज्ञान, भौतिक र मानसिक दुवै मानव व्यवहारका लागि सामाजिक रूपले हस्तान्तरित नियमहरू, सिकाइका माध्यमबाट पुस्ताहरूबिच हस्तान्तरित हुने मानवीय परम्परा र प्रथाहरू, समाजका सिकिएका र सामूहिक विश्वासहरू, समाज र मानिसका रूपान्तरणकारी क्रियाकलाप र तिनको परिणाम नै संस्कृति हुन् (पृ. १३६) ।

समाजमा व्याप्त जीवनशैली, संस्कार, विषयवस्तु तथा घटनाका आधारमा नै साहित्य सिर्जना हुन्छन् । उपन्यासको आधारभूमि त झन व्यक्तिगत कल्पना तथा भावनात्मक पक्षभन्दा सामाजिक विषयवस्तु हो । यसकारण उपन्यासमा सामाजिक मूल्य, मान्यता तथा अपेक्षा एवम् जीवनव्यहारको समुच्चय मानिन्छन् । बालउपन्यासमा अन्य उपन्यासका तुलनामा सामाजिक घटना एवम् परिघटनाको प्रकटन अलि कम हुने भए तापनि बालउपन्यास पनि समाजसँग निरपेक्ष बस्न सक्दैन । त्यसैले बालउपन्यासमा सामाजिक मूल्य कुनै कुनै किसिमले प्रविष्ट हुन्छ । नेपाली बालउपन्यासमा सामाजिक विषयवस्तुले महत्त्वपूर्ण स्थान पाएको देखिन्छ । यस सन्दर्भमा रिजाल (२०७०) भन्छन् :

सामाजिक विषयवस्तुबाट विषयग्रहण गरी आरम्भ भएको नेपाली बालउपन्यास लेखन यहाँसम्म आइपुग्दा निकै परिमार्जित भइसकेको छ । सामाजिक विकृति, विसङ्गति मात्र होइन ब्रह्माण्ड, ग्रह, नक्षत्र, चन्द्रमा, सूर्य, वातावरण, सरसफाइ र देश भ्रमणसमेत यसको विषयवस्तुको क्षेत्रमा परिसकेको छ । मानवको मानवप्रति गर्ने व्यवहार मानवीय हुन नसकिरहेको, सामाजिक विभेद अझै कायम भएकाले त्यसको निराकरणप्रति सोच्नुपर्ने बेला आइसकेको, सामाजिक सद्भाव बिग्रँदै गएकाले बेलैमा सोच्नुपर्ने परिस्थिति सिर्जना भएको तथा दया, प्रेम, माया, उत्साह, साहस, जाँगर, जोश र उमङ्गले मानिसलाई अगाडि बढाउन सहयोग गर्छ भन्नेजस्ता सन्दर्भलाई पनि उपन्यासले मूलस्वरको रूपमा स्वीकार गरेको छ (पृ. ५२) ।

व्यक्ति समाजको सदस्य हो । प्रत्येक व्यक्तिका सामाजिक सम्बन्ध तथा भूमिकाहरू हुन्छन् तर सबैको समान भूमिका तथा सहभागिता भने हुँदैन । प्रत्येक व्यक्तिले समाजका मान्यता तथा जीवनशैली अपनाउनुपर्छ । समाजबाट अस्वीकार हुने व्यवहार गर्न कुनै पनि व्यक्ति स्वतन्त्र हुँदैन । समाजका प्रत्येक सदस्यहरूले एकअर्कामा सहकार्य तथा सहयोग गरेर मात्र सहसम्बन्धको विकास हुन्छ । सामाजिकीकरण भनेको सामाजिक परिवेश र प्रक्रियामा सहभागी हुनु हो (पाण्डे, २००७, पृ. ३९) । समाजमा व्यक्तिले अन्य व्यक्तिका चाहना वा अपेक्षाअनुरूप व्यवहार गर्नु र समाजका मूल्य मान्यतालाई अपनाउँदै आफूलाई समाजको सदस्य बनाउनु नै सामाजिकीकरण हो । सामाजिकीकरणका लागि सहकार्य एवम् सहयोगको आवश्यकता पर्छ । यस्तो व्यवहारलाई सामाजिक विकास पनि भन्ने गरिन्छ । सामाजिकीकरणमा सहभागी हुनु, अरूको रुचिअनुसार व्यवहार गर्नु र आफूलाई समायोजित तुल्याउनु, आदानप्रदान गर्नु, अरूलाई सहयोग गर्नु, कुनै समाज वा समूहको सदस्य भई कार्य गर्नु, व्यक्तिगत जिद्दीपन छाडेर सामूहिक हितका लागि लचकता अपनाउनु, मैत्रीभाव विकास गर्नु, अन्तर्क्रियामा सहभागी हुनु, स्वच्छ प्रतिपस्पर्धा गर्नु, समाजका मूल्यहरूप्रति सचेततापूर्वक सकारात्मक

दृष्टिकोण राख्नु तथा समाजले स्वीकार गर्ने र वैध ठानेका व्यवहार एवम् आचरणमा केन्द्रित हुनु नै सामाजिक विकासका प्रमुख विशेषता हुन् (सफाय, शुक्ल र भाटिया, २००७, पृ. १००) । बालबालिकामा सुरुदेखि नै समाजिकीकरण धेरै महत्त्वपूर्ण मानिन्छ किनभने यसका माध्यमबाट नै भविष्यको सामाजिकीकरणका लागि आधार सिर्जना हुन्छ ।

प्रारम्भिक समाजिकीकरणमा बालबालिकाले समाजको सदस्यका रूपमा सामाजिक मूल्यहरूका आधारमा उपयुक्त व्यवहार गर्दछन् जुन मूलतः परिवार र साथीहरूबाट पूर्ण प्रभावित हुन्छन् । जस्तै, यदि कुनै बच्चाले आफ्नी आमा वा दिदीलाई लाई लैङ्गिक आधारमा या बाबुआमालाई वर्गीय वा जातीय आधारमा समाजका अन्य सदस्य वा समाजले भेदभावपूर्ण व्यवहार गरेको गरेको देखे भने ती त्यो बच्चामा लैङ्गिक, जातीय या वर्गीय अवस्था र तत्सम्बन्धी व्यवहारको धारणा बस्छ । वास्तवमा बालबालिकामा विकास हुने सिकाइ तथा धारणा नै भविष्यका आधार बनेका हुन्छन् । तसर्थ बालबालिकाले सामाजिक सहकार्य तथा सामाजिकीकरण सम्बन्धमा घर, परिवार एवम् समाजबाट नै धारणा बनाउँछन् र तदनुकूलका व्यवहार सम्पन्न गर्छन् । त्यसकारण बालबालिकामा सामाजिकीकरणका सवालमा ठूलो समाजमा होस् या सानो समूहको सदस्यको रूपमा नै किन नहोस् उपयुक्त व्यवहारतर्फ नै उत्प्रेरित गर्नुपर्छ ।

नेपाली बालउपन्यासमा नेपाली समाजका विविध आयामलाई प्रवेश गराइएको छ । खासगरी बालबालिकामा सकारात्मक सामाजिकीकरणको विकास अनिवार्य हुन्छ । समाजका मूल्य मान्यतालाई स्वीकार गरी तिनमा आधारित व्यवहारतर्फ उन्मुख हुनु सकारात्मक सामाजिक व्यवहार हुन् । व्यक्तिको स्वास्थ्यलाई हानि नपुर्‍याउने, समाजका मान्यतालाई स्वीकार गर्ने, असल संस्कृतिसँग सम्बद्ध व्यवहार अपनाउने आदि कार्यमा सहभागी हुनु सकारात्मक सामाजिकीकरण हो । त्यस्तै मैत्रीभाव विकास गरी खेल खेल्नु, सहकार्य एवम् सहअस्तित्व र सम्मानपूर्ण व्यवहार गर्नु पनि सकारात्मक सामाजिकीकरण हो । सकारात्मक प्रेरणा, मायालु हेरचाह, आवश्यक पुरस्कार तथा अवसर हरूका बालबालिकामा सामाजिकीकरणको भावना विकास गराउन सकिन्छ । दैनिक व्यवहारलगायत बालसाहित्यका माध्यमबाट बालबालिकामा यस्ता सामाजिकीकरणका आचरण निर्माण गर्न सकिन्छ । यहाँ नेपाली बालउपन्यासमा सामाजिकीकरणका लागि के कस्ता व्यवहारलाई प्रस्तुत गरिएको छ र सहयोग, सहकार्य, सम्मान तथा सामाजिक मूल्यसहित बालबालिकाहरूमा उक्त भावनाको विकासमा अपेक्षा गरिएका विविध सवालमा केन्द्रित रही सामाजिकीकरणका प्रमुख सन्दर्भको विश्लेषण गर्न गरिएको छ ।

## नेपाली बालउपन्यासमा प्रयुक्त सामाजिकीकरण

सामाजिकीकरण भनेको परिवार, साथीहरू, समाज तथा समुदायको सदस्यका रूपमा रहनु हो । विभिन्न कार्यकलापमा सहभागी हुनु हो । सामाजिकीकरणबाट ज्ञान, सिप तथा व्यवहारको निर्माण हुन्छ । समाजका मूल्य मान्यतालाई स्वीकार गरी तिनमा आधारित व्यवहारतर्फ उन्मुख हुनु सकारात्मक सामाजिक व्यवहार हुन् । व्यक्तिको स्वास्थ्यलाई हानि नपुर्‍याउने, समाजका मान्यतालाई स्वीकार गर्ने, असल संस्कृतिसँग सम्बद्ध व्यवहार अपनाउने आदि कार्यमा सहभागी हुनु सकारात्मक सामाजिकीकरण हो । कतिपय मानिसहरू नकारात्मक व्यवहारतर्फ अभिमुख हुँदै सहभागी पनि हुन्छन्, मनोवैज्ञानिक तथा सामाजिक दृष्टिले त्यस्ता बानीलाई सामाजिकीकरणका रूपमा लिइँदैन । बालबालिकाहरूमा सकारात्मक समाजिकीकरणको विकास गराउन अभिभावक, साथी, समाज आदिको महत्त्पूर्ण भूमिका रहन्छ । साहित्य, कला, संस्कृति आदि पक्षबाट पनि बालबालिकाहरूमा सामाजिकीकरणको भावना विकास गराई व्यवहार निर्माण गर्न सकिन्छ ।

नेपाली बालउपन्यासका माध्यमबाट बालबालिकाहरूमा मैत्रीभाव विकास गरी खेल खेल्ने, सहकार्य एवम् सहअस्तित्व र सम्मानपूर्ण व्यवहार गर्ने, सकारात्मक प्रेरणा सिर्जना गर्ने, मायालु व्यवहार प्रदर्शन गर्नेजस्ता व्यवहारतर्फ उन्मुख गराई बालबालिकाहरूमा सकारात्मक सामाजिक व्यवहारको विकास गराइएका सन्दर्भ पाइएका छन् । यसका

साथै आवश्यक पुरस्कार तथा अवसरहरूका बालबालिकामा सामाजिकीकरणको भावना विकास गराउने कार्य पनि उपन्यासमा गरिएको देखिन्छ। नेपाली बालउपन्यासमा सामाजिकीकरणका लागि प्रस्तुत गरिएका विविध सन्दर्भले बालबालिकामा सहयोग, सहकार्य तथा सामाजिक मूल्यसहितका भावनाको विकास गर्ने अपेक्षा राखेको देखिन्छ। नेपाली बालउपन्यासमा उपन्यासकारले विभिन्न पात्र तथा परिवेशका माध्यमबाट निर्माण र विकास गराएका सकारात्मक सामाजिकीकरणलाई उदाहरणसहित यहाँ विश्लेषण गरिएको छ।

बालउपन्यासकार शास्वत पराजुलीले आधा देशका राजकुमार (२०६०) कृतिका माध्यमबाट सहकार्य, सहसम्बन्ध र जागरण काल्पनिक कथावस्तुलाई प्रस्तुत गरिएको बालउपन्यास आधा देशका राजकुमारले सामाजिक विसङ्गति, बालश्रमशोषण, चेतनाको अभाव आदि सन्दर्भलाई सरल किसिमले उठान गरेको छ। अर्को कुनै देशमा घटेको घटनजस्तो बनाई रमाइलो तरिकाले बालमैत्री बनाई चेतनाको अभिवृद्धिमा बालबालिको सक्रियतालाई जोड दिइएको उक्त उपन्यासमा बालमित्रता, बालक्लब एवम् बालबालिकाका भूमिकालाई उद्घाटन गरिएको छ। बालबालिकाहरू साथी बनाउन, समूह निर्माण गर्न र सरसहयोग गर्न पाएमा खुसी हुन्छन्। बालमनोवैज्ञानिक दृष्टिले बालमैत्री व्यवहार गर्न सकेमा बालबालिकामा सामाजिक सहसम्बन्धको भावना विकास गराउन सकिने जनाइएको छ।

"फुच्चे दाइ, तिमी हाम्रो साथी बन्ने ?" एक दिन मुकुलले फुच्चे जादुगरलाई सोध्यो। "बन्ने बन्ने, किन नबन्ने ! मलाई तिमीहरूजस्ता साथी असाध्यै मन पर्छन्।" फुच्चे जादुगरले अनौठो किसिमले आफ्नो कुम हल्लाउँदै भन्यो (पराजुली, २०६०, पृ. ४)।

बालबालिकाहरूको सहकार्यबाट समाजमा उपेक्षामा पारिएको, शोषणमा परेका तथा अभिभावकविहीन बनेका बालबालिकाहरूको उद्धार गर्नुपर्ने र सहकार्यबाट गर्न सकिने जनाइएको छ :

हामीले जहाँ जहाँ बेथिति छ, जुन ठाउँमा बालबालिकालाई उचित माया ममता शिक्षा र उपचार पाएका छैनन्, त्यसको तालिका बनायौं। सडकमा अलपत्र परेका, बाबुआमा नभएकाको उद्धार गर्न पनि हामीले एउटा संस्था खोल्यौं। फुच्चे जादुगरले त्यसका लागि आवश्यक आर्थिक स्रोत जुटाइदिए। हामीले बालबालिकाकै माध्यमबाट एउटा सामुदायिक रेडियो पनि चलायौं। हामीले गरेका काम आधा देशभरि नै फैलियो। बालक्लब खोल्ने, भित्तेपत्रिका निकाल्ने लहर जतातत‍ै चल्न थाल्यो। बालबालिका आफ्नै सक्रियतामा विद्यालय र पुस्तकालय खोल्न थाले। बालबालिकालाई शोषण गर्ने ठुलाहरूको दोहोले काट्न थालियो। हेर्दाहेर्दै आधा देश एउट सुन्दर देश भयो (पराजुली, २०६०, पृ. ५१)।

माथिको उदाहरणमा बालमैत्री व्यवहार निर्माणमा जोड दिइएको छ। शिक्षण संस्था वा आफूले पढ्ने विद्यालयमा सामाजिक, शैक्षिक, साहित्यिक कार्यहरूमा सहभागी भई व्यक्तित्व विकासका साथै सामाजिकीकरणमा जोड दिइएको छ।

हिरण्यकुमारी पाठकद्वारा लिखित बालउपन्यास धूर्त स्याल र घमन्डी बाघ (२०६८) मा मानवेतर पात्र स्याल तथा बाघलाई मुख्य पात्र बनाइएको छ। उक्त उपन्यासमा कसैले पनि बल वा शक्तिका भरमा अनावश्यक घमण्ड गर्नु हुँदैन भन्ने विचार व्यक्त गरिएको छ। समाजमा रहेका सबै मानिसहरू सहभावका साथ सहसम्बन्धमा रहनुपर्ने आशयसहित प्राणीहरूबिचमा पनि एक अर्कामा सहयोग तथा सम्मान आवश्यक पर्ने जनाइएको छ। बलभन्दा बुद्धिलाई उपयोग गर्दै सबैको भलो चिताउने प्राणी नै सबैको प्यारो बन्ने हुँदा मानिसले पनि सबैलाई समान व्यवहारसहित सम्मान गर्नुपर्ने मान्यता अगाडि सारिएको छ। कृत्रिम व्यवहारले आफैलाई कष्ट दिने सन्दर्भ बाघको व्यवहारबाट पुष्टि भएको छ भने बुद्धि लगाएर सचेत बनेमा जस्तोसुकै समस्याको पनि समाधान गर्न सकिने विचारसहित स्यालको तीक्ष्णताको सम्मान गरिएको छ। यसरी बालबालिकाहरूमा घमण्डी नबनी सचेततापूर्वक व्यहार गर्ने, अरूलाई सम्मानसहित सहभाव व्यक्त गर्न र सहकार्य गर्न अभिप्रेरित गर्ने उद्देश्यमा यो उपन्यास केन्द्रित छ। घमण्डी बाघले कृत्रिम व्यवहार गरेर मानिसलाई

दुःख दिएको देखी स्यालले पुनः जुक्ति लगाएर बाघलाई खोरमा थुन्न सफल भएको घटनाले कृत्रिमता र घमण्डको पराजय तथा चेतना, बुद्धि तथा लोकहितको व्यवहारका कारण स्यालको विजय भएको देखाइएको छ।

बाघलाई भन्यो, 'ह बाघ राजा। बाइबाइ। अब तिमी यसै पिंजडामा बसेर शक्तिशाली बन्ने कल्पना गरिराख, म त हिंडें। अरूलाई धोका दिएर महात्मा बनेको नाटक रचेका थियौ। माछामासु खान छोडिसकें भनेर सोभ्फो मानिसलाई फकाएका थियौ, अब त्यो सबै कुरा सम्भ्फेर जिन्दगीभर बस है। जस्तो बीउ रोपेका थियौ त्यस्तै फल खाऊ है।' स्याल अगाडि बढ्यो। बल्ल पो बाघलाई स्यालको चतुर्याइँको ज्ञान भयो। ऊ त जिल्ल पर्‍यो। आफू एकपटक फेरि मुर्ख भएकामा बाघ पछुताउन लागे तर अब के गर्ने र ? फेरि पिंजडामा बन्द भइसकेको थियो। बाघ पश्चात्तापको आगोको भुमरीमा भुल्सिन थाल्यो। जङ्गलमा यो कुरा सबैलाई थाहा भयो। सबै जनावरहरू त्यहीँ जम्मा भए। स्यालले बुद्धिमत्तापूर्वक धूर्त बाघलाई पिँजडामा थुनेकामा सबैले स्याबासी दिए। अबदेखि जङ्गलमा कसैको पनि डर भएन सबैले शान्तिको सास फेरे (पाठक, २०६८, पृपृ. ९-११)।

उपर्युक्त उदाहरणमा समाजमा सबैको अस्तित्व र भूमिका रहने भएकाले सहकार्य एवम् सहसम्बन्ध आवश्यक रहेको सन्देश दिइएको छ। यहाँ सामाजिकीकरणका लागि सामाजिक दायित्व पनि आवश्यक भएको जनाइएको छ।

बालबालिकामा सामाजिक सहसम्बन्ध, सहभाव तथा सन्तुलन आवश्यक रहेको जनाउँदै उपन्यासकार गोविन्द पराजुलीले जालमाथि चाल (२०७०) का माध्यमबाट सामाजिक सम्बन्ध एवम् सामाजिकीकरणमा जोड दिएका छन्। समाजमा कतिपय मानिसहरू परपीडक र अरूको श्रमशोषण गर्ने खालका हुन्छन्। त्यस्ता मानिसमा सामन्ती प्रवृत्ति हावी भएको हुन्छ। त्यस्ता प्रवृत्ति भएका मानिसले वर्गीय, जातीय, लैङ्गिक तथा उमेरगत अनेक आधारमा शोषण गर्दै पीडा दिइरहेका हुन्छन्। यस उपन्यासमा काल्पनिक कथावस्तु प्रस्तुत गरिएको भए पनि समाजको प्रतिविम्बन हुने खालको पात्र मुखियालाई उभ्याइएको छ। आफूलाई सताउने तथा शोषण गर्ने व्यक्ति एवम् प्रवृत्तिलाई अन्त्य गर्नका लागि शोषित व्यक्ति तथा वर्ग पनि सचेत बन्न सकेको खण्डमा सामाजिक सम्मान तथा सहकार्य सम्भव रहेको आशय व्यक्त गरिएको छ।

मुखियाले चतुरेलाई क्यै गरे पनि सताउन सकेन। क्यै गरे पनि बदला लिन पाएन। उसको पछि लाग्दा बरु आफैंलाई सतायो। हैरान पनि पार्नुसम्म पार्‍यो। 'यस्तै भए उल्टो आफैं परिरहन सक्छ' भन्ने लाग्यो उसलाई र मनमनै पक्का गर्‍यो, अब ऊ आफ्नो सोभ्फो गरेर मेहनतले खान्छ, ऊ कसैलाई सताउने कल्पना पनि गर्ने छैन। घरमा फिरेर मुखियाले चतुरेका चतुर्याइँको प्रशंसा गर्‍यो, अनि उसलाई अलिअलि धन दिएर पठायो। चतुरे पनि धन पाएपछि किन बस्थ्यो ! ऊ धन लिएर आफ्नै घरतिर लाग्यो। लिखुरे धेरै दिनदेखि भाइको बाटो हेर्दै थियो। चतुरे घर फिर्दा ऊ साह्रै खुसी भयो। चतुरेले दाजुलाई सताउने मुखियालाई आफूले सताएको र धन पनि लिएर आएको कुरा गर्‍यो। दाजु पनि भाइको चलाखी देखेर दङ्ग पर्‍यो। त्यसपछि दुवै दाजुभाइ घरखेती गरेर आनन्दले बसे। उनीहरूको दुःख विस्तारै हट्दै गयो (पराजुली, २०७०, पृ ३२)।

उपन्यासको माथि दिइएको अंशमा अन्यायका विरुद्धमा आवाज उठाई न्यायका लागि सक्रियतापूर्वक सहभागी हुन आह्वनासमेत गरिएको छ। यहाँ बालपात्र लिखुरेलाई दुःख दिने मुखियालाई चतुरेले बुद्धिमत्तापूर्वक उसका खराब आचरणको सजाय मुखियालाई नै भोग्न बाध्य पारेको सन्दर्भ उठान गरिएको छ। यसबाट अरूलाई अनादर र अपमान गर्ने व्यक्तिको भलो नहुने र आफैले सास्ती बेहोर्नुपर्ने अवस्थातर्फ सङ्केत गर्दै सबैलाई सम्मान र सहभावपूर्ण व्यवहार गर्नुपर्ने जनाइएको छ।

बालउपन्यासकार तेजप्रकाश श्रेष्ठको महत्त्वपूर्ण बालउपन्यास हाम्रो स्कुल (२०७०) सामाजिकीकरणका सवाललाई सघन र प्रभावकारी बनाइएको उपन्यास हो। यो उपन्यास बालबालिकालाई विद्यालयप्रति समर्पित

तुल्याउन सफल देखिन्छ। सामाजिकीकरणका सन्दर्भलाई सरल ढङ्गले उठान गरिएको उक्त उपन्यासमा विद्यालयले बालबालिकालाई पढाइलेखाइमा मात्र होइन सामाजिक व्यवहार, सरसफाइ र स्वास्थ्य, सेवाभाव, असल चरित्र निर्माणमा पनि विद्यालयले सक्षम बनाउनुपर्ने मान्यता प्रस्तुत गरिएको छ। विद्यालय मेरो नभई हाम्रो हो भन्ने भावना विकास गराउन सहजै सम्भव भएको विचार व्यक्त गरिएको छ उपन्यासमा। सामाजिक स्वभाव निर्माण, समाजिकीकरण, सहकार्य तथा सहसम्बन्धले बालबालिकाहरूमा आत्मविश्वास बढाउने जनाइएको छ। त्यस्तै, विद्यालयप्रति अपनत्व जगाउन र स्वास्थ्य चेतना विकास गर्न पनि सामाजिक सहकार्य आवश्यक रहेको जनाउँदै यसका लागि बालक्लबको उच्च भूमिका रहेको विचार व्यक्त गरिएको छ। यस्ता कार्यले सामाजिक आचरणको विकास, अनुशासन निर्माण, लगनशीलता तथा पढाइप्रति विशेष प्रेरणा जागृत भएको सन्दर्भ उल्लेख गरिएको छ।

बालक्लब गठन भएपछि पहिलोपल्ट स्कुलको सरसफाइ गर्ने निधो गरियो। छात्रछात्रा आफैं सरसफाइ गर्न तम्सिए। एक दिन स्कुल खुल्नासाथ कमली कुचो लिएर स्कुलको आँगनमा देखा परिन्। रमेश, दोर्जे, मिलन, राधा, आइतेहरू पनि देखा परे। कमलीले आँगन बढार्न थालिन्। रमेशले खाली डोको बोक्यो आइतेले धुलो उठाएर खाली डोकामा राख्न थाल्यो। सरिता, दोर्जे, आशामरु, सन्ते आदिले कागजका टुक्रा बटुलेर त्यही डोकामा राख्न थाले। अरू कक्षाका छात्रछात्राहरू पनि रमाउँदै फोहोर सफा गर्न थाले (श्रेष्ठ, २०७०, पृ. ७४)।

रमेश, कमली र अरू साथीहरू मिलेर पुस्तकालय चलाउने जिम्मा लिए। तिमिला गुरुमा र अरू छात्रछात्राले उनीहरूलाई सघाए। बालपुस्तक सङ्कलन गर्न उनीहरूले विभिन्न सङ्घसंस्थासँग चिठ्ठीद्वारा सम्पर्क बढाए केही संस्थाहरूले कही बालपुस्तकहरू पठाइ पनि दिए। अनि त छात्रछात्राले रमाइला बालकथा, बालगीत, बालकविता, बालनिबन्ध, चुट्किला आदि छानीछानी पढ्न पाए। बालक्लबबाट खेलकुद, वादविवाद, हाजिरीजवाफ, साहित्यिक, सांस्कृतिक आदि प्रतियोगिताहरू पनि आयोजना हुन थाल्यो। सरसफाइजस्ता सामाजिक कार्यमा पनि बालक्लबले सघाउन थाल्यो (श्रेष्ठ, २०७०, पृ. ८०)।

माथिको उदाहरणमा बालबालिकालाई विद्यालयमा औपचारिक पठनपाठनमा मात्र सीमित राखेमा उनीहरूको सिर्जनात्म र रचनात्मक क्षमता हराएर जाने र उनीहरूमा सामाजिक भावना पनि विकास नहुने हुनाले विद्यालय त्यसतर्फ सचेत हुनुपर्ने जनाइएको छ। त्यस्तै विद्यार्थीकै सहभागितामा उनीहरूलाई विभिन्न क्रियाकलापमा सरिक बनाई स्वास्थ्य चेतना, सहकार्यात्मक आचरण विकास, सकारात्मक सामाजिकीकरणतर्फ अभिमुख तुल्याउन सकिने जनाइएको छ।

## निष्कर्ष

नेपाली बालउपन्यास हालसम्म जम्मा २०० को हाराहारीमा मात्र लेखिएको देखिन्छ। नेपाली बालउपन्यासको मौलिक कृति २०२२ सालमा प्रकाशित साबु (प्रधान, २०६९, पृ. १२७) मानिए पनि बालआख्यानमा भने १८३३ सालमा लेखिएको हितोपदेश मित्रलाभलाई नै बालआख्यानको पहिलो कृति (घिमिरे, २०७४, पृ. १३९) मान्ने गरिएको छ। बालसाहित्यमा अनिवार्य मानिने मनोरञ्जनात्मक पक्षलाई प्राधान्य दिइएका बालउपन्यासको बाहुल्य रहे पनि सामाजिकीकरणका सन्दर्भको सबल प्रविष्टि भएका बालउपन्यास नेपाली साहित्यमा कम मात्र लेखिएको देखिन्छ। समाजका मूल्य एवम् मान्यतालाई स्वीकार गर्नु र सोहीअनुसार अनशरण गर्नु सकारात्मक सामाजिक व्यवहार हुन्। यसअन्तर्गत व्यक्तिको स्वास्थ्यलाई हानि नपुर्‍याउने, समाजका मान्यतालाई स्वीकार गर्ने, असल संस्कृतिसँग सम्बद्ध व्यवहार अपनाउने आदि कार्यमा सहभागी भएर सकारात्मक सामाजिकीकरणको विकास गर्न सकिन्छ। बालबालिकामा मैत्रीभावको विकास हुनु, आपसी सहकार्यमा जोड दिनु र सम्मानपूर्ण व्यवहार गर्नु पनि सकारात्मक सामाजिकीकरणजन्य व्यवहार हुन्।

विश्लेष्य नेपाली बालउपन्यासमा बालबालिकाहरूलाई सामाजिकीकरण गराइएको छ। बालउपन्यासका बालपात्रहरूलाई परिवारका सदस्यसँगका सहकार्यात्मक व्यवहार, साथीहरूसँगको मैत्रीभाव, आपसी सहयोग आदि पक्षमा सहभागी बनाइएको छ। यसका साथै बालबालिकाहरूलाई घर तथा विद्यालयभित्रका विभिन्न कार्यकक्रममा भूमिका दिई सामाजिकीकरण गरिएको समेत पाइन्छ। उपन्यासमा परिवारका सदस्यसँगका व्यवहार, साथीहरूसँगका मैत्रीभाव, सहकार्य, सहयोग, मेलमेलाप आदि पक्षमा केन्द्रित गराई बालबालिकाहरूलाई सामाजिकीकरण गर्दै सामाजिक मूल्य एवम् मान्यतामा सहभागी बनाइएको छ। त्यस्तै, बालबालिकाहरूलाई घर तथा विद्यालयभित्रका गतिविधिमा भूमिका दिएर समाजसँग सम्बद्ध गरिएको पाइन्छ। नेपाली बालउपन्यासमा बालबालिकालाई सामाजिकीकरणमा केन्द्रित गरी विषय तथा सन्दर्भहरू उठान भएका छन्।

बालबालिकालाई सामाजिक मूल्यअन्तर्गतको सामाजिकीकरणका लागि अभिप्रेरित गर्ने प्रमुख बालउपन्यासमा शास्वत पराजुलीको आधा देशका राजकुमार, हिरण्यकुमारी पाठकद्वारा लिखित धूर्त स्याल र घमन्डी बाघ, गोविन्द पराजुलीको जालमाथि चाल तथा तेजप्रकाश श्रेष्ठको हाम्रो स्कुल रहेका छन्। नेपाली बालउपन्यास सङ्ख्यात्मक दृष्टिले अपेक्षाकृत थोरै लेखिएका र त्यसमा पनि सामाजिकीकरणका सन्दर्भ प्रविष्ट भएका बालउपन्यास अत्यन्त न्यून सङ्ख्यामा रहेको पाइयो। आगामी दिनमा नेपाली बालउपन्यासका स्रष्टाबाट सामाजिकीकरणका सन्दर्भको प्रविष्टिमा आधिक्य रहने अपेक्षा गर्न भने सकिन्छ। नेपाली बालउपन्यासमा सामाजिकीकरणका लागि प्रविष्ट व्यवहार तथा सन्दर्भको यथातथ्य पहिचान गरी विश्लेषण गरिएको यस लेखबाट स्रष्टा, अध्येतता तथा जिज्ञासु पाठकलाई लाभ प्राप्त हुने अपेक्षा गरिएको छ। त्यसैगरी शिक्षकहरू तथा सम्बद्ध अभिभावकहरू बालबालिकाहरूमा विकास हुनुपर्ने सामाजिक मूल्यसहितका सामाजिकीकरणका व्यवहार विकासका सवालमा प्रवृत्त हुन सहयोगी बन्ने छन्।

## सन्दर्भ सामग्रीहरू


घिमिरे, ध्रुवकुमार (२०७४). *बालसाहित्यको विधागत सिद्धान्त र नेपाली बालसाहित्य . नेपाल प्रज्ञा प्रतिष्ठान।*

नेपाल प्रज्ञा प्रतिष्ठान (२०७५). *नेपाली बृहत् शब्दकोश . नेपाल प्रज्ञा प्रतिष्ठान।*

पराजुली, गोविन्द (२०७०). *जालमाथि चाल . रत्न पुस्तक भण्डार।*

पराजुली, शास्वत (२०६०). *आधा देशका राजकुमार . रुम टु रिड।*

पाठक, हिरण्यकुमारी (२०६८). *धुर्त स्याल र घमण्डी बाघ . साझा प्रकाशन।*

पाण्डे, सुशील (सन् २००७). *एजुकेसनल साइकोलजी . क्षितिज पब्लिकेसन।*

प्रधान, प्रमोद (२०६९). *नेपाली बालसाहित्यको इतिहास . शिखा बुक्स।*

रिजाल, नवराज (२०७०). 'नेपाली बालउपन्यासको उद्‌भव', *नवप्रज्ञापन* - ६० (पृ.४४-५४).नवराज रिजाल।

रेग्मी, भीमनारायण (सन् २०६०). 'माधव घिमिरेका बालकवितामा संस्कृति'. *राष्ट्रकवि घिमिरे समीक्षात्मक अवलोकन,* (पृ. १३५-१४३), तन्नेरी प्रकाशन।

श्रेष्ठ, तेजप्रकाश (२०७०). *हाम्रो स्कुल,* बालसंसार प्रा.लि.।

सफाय, आर.एन., शुक्ल, सि.एस., र भाटिया, बि.डी (सन् २००७). *मोडर्न एजुकेसनल साइकोलजी .* न्यु धनपत राइ पब्लिसिङ कम्पनी।

सुवेदी, राजेन्द्र (२०७२). *समसामयिक नेपाली उपन्यास,* तन्नेरी प्रकाशन।


⊙⊙